# लैङ्गिक हिंसा विरुद्धको राष्ट्रिय कार्ययोजना

(आ.व. २०८२/८३-२०८७/८८)

नेपाल सरकार

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय



मा. सिता बादी
मन्त्री

# विषय सूची


परिच्छेद – १ ............ ३

परिचय............ ३

१. पृष्ठभूमि............ ३

२. नेपालको अन्तर्राष्ट्रिय दायित्व एवम् हालको नीतिगत तथा कानूनी व्यवस्था............ ४

२.१ अन्तर्राष्ट्रिय दायित्व............ ४

२.२ राष्ट्रिय नीति तथा कानूनी व्यवस्थाहरू............ ५

२.३ लैङ्गिक हिंसा विरुद्ध विगतमा तर्जुमा भएका कार्ययोजनाहरू............ ६

३. विगतमा भएका प्रयासको समीक्षा............ ७

४. प्रमुख चुनौती तथा अवसर............ ८

५. कार्ययोजनाको आवश्यकता............ ९

६. अवधि............ ९

७. राष्ट्रिय कार्ययोजनाले अवलम्बन गरेका सैद्धान्तिक आधारहरू............ ९

परिच्छेद –२ ............ ११

सोच, उद्देश्य र रणनीति............ ११

परिच्छेद ३............ १४

कार्ययोजना............ १४

परिच्छेद– ४............ ४८

कार्ययोजनाको कार्यान्वयन तथा अनुगमन............ ४८


मा. सिता बादी
मन्त्री

# परिच्छेद - १

## परिचय

### १. पृष्ठभूमि

नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प गर्दै महिलाको हक अन्तर्गत लैङ्गिक भेदभाव रहित समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशिताको सिद्धान्तको आधारमा सहभागिता सहित मौलिक हकको प्रत्याभूत गरेको छ। साथै उक्त धाराले महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण कानून बमोजिम दण्डनीय हुने र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक सुनिश्चित गरेको छ।

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०७८ ले नेपालमा पाँच महिला मध्ये एक महिला हिंसा पीडित तथा प्रभावित हुने गरेको देखाएको छ। उक्त सर्वेक्षणका अनुसार १५-४९ वर्ष उमेरका महिला तथा बालिकामध्ये २३ प्रतिशतले १५ वर्षको उमेरदेखि नै शारीरिक हिंसा भोगेको देखिएको छ। त्यस्तै १५ देखि ४९ वर्ष उमेर समूहका १७ प्रतिशत महिलाले पति/पुरुष (यौन) साथीबाट भावनात्मक, शारीरिक वा यौन हिंसा भोगेका छन्। ३५ प्रतिशत बालिकाहरूको १८ वर्ष उमेर नपुग्दै विवाह हुने र ५३.९ प्रतिशत किशोरीहरू २० वर्ष नपुग्दै विवाह बन्धनमा बाँधिएको समेत सर्वेक्षणले देखाएको छ। नेपाल प्रहरीमा दर्ता भएका लैङ्गिक हिंसाका उजुरी मध्ये ८० प्रतिशत मुद्दाहरू घरेलु हिंसाका रहेका छन्। सो सर्वेक्षणले आफ्नो जीवनकालमा शारीरिक वा यौन हिंसा भोगेका १५-४९ वर्ष उमेर समूहका महिला तथा बालिकामध्ये जम्मा २८ प्रतिशत महिला र बालिकाले मात्र सम्वन्धित निकायको सहयोग प्राप्तिका लागि पहल गरेको देखिन्छ। यसै सन्दर्भमा लैङ्गिक हिंसा रोकथाम र प्रतिकार्य सेवाको लागि नीतिगत तथा कानूनी प्रवन्ध गरिएको र सोको आधारमा विभिन्न कार्यक्रमहरू कार्यान्वयन हुँदै आएका छन्। तथापि घरेलु हिंसा, यौन हिंसा, बालविवाह, मानव वेचविखन, हानिकारक अभ्यास तथा नजिकको व्यक्तिबाट हुने हिंसा जस्ता समस्याहरु अझै विद्यमान छन्। साथै वर्तमान परिवेशमा देखिएका लैङ्गिक हिंसाका नयाँ स्वरुपलाई सम्वोधन गर्न थप चुनौती रहेको छ। उक्त समस्याहरुको रोकथाम, पीडितको संरक्षण, गुणस्तरीय सेवा प्रवाह, न्यायमा पहुँच तथा सम्वन्धित निकायको समन्वयात्मक सुदृढीकरण गर्दै एकीकृतरुपमा सम्वोधन गर्नका लागि यो राष्ट्रिय कार्ययोजना तयार गरिएको छ।

मा. सिता बादी
मन्त्री

## २. नेपालको अन्तर्राष्ट्रिय दायित्व एवम् हालको नीतिगत तथा कानूनी व्यवस्था

### २.१ अन्तर्राष्ट्रिय दायित्व

नेपाल पक्ष राष्ट्र रहेको महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ ले महिला तथा बालिकाहरूमाथि कुनै पनि किसिमको हिंसा र भेदभाव हुन नदिने र सारभूत समानता कायम हुनपर्ने व्यवस्था गरेको छ ।

जनसंख्या तथा विकासका लागि अन्तर्राष्ट्रिय सम्मेलनको कार्ययोजनाले महिला विरुद्धको हिंसा अन्त्य गर्नुपर्ने, महिला र पुरुषबीचको विभेद अन्त्य गर्नुपर्ने दायित्व प्रत्येक देशको हुने भनी उल्लेख गरेको छ। नेपालले सन् २००६ सेप्टेम्वर ५ मा "वेश्यावृत्तिको लागि महिला र बालबालिका बेचबिखन विरुद्धको सार्क महासन्धि, २००२ अनुमोदन गरी लैङ्गिक हिंसा लगायत मानव बेचबिखन विरुद्धमा प्रतिबद्धता जनाएको छ ।

संयुक्त राष्ट्रसंघले सन् २०१५ मा पारित गरेको दिगो विकास लक्ष्य अन्तर्गत ५ औं लक्ष्यले सन् २०३० सम्ममा सबै महिला तथा बालिकाहरू माथि हुने विभेद अन्त्य गर्ने र निजी तथा सार्वजनिक क्षेत्रमा महिला तथा बालिकाहरू माथि हुने सबै किसिमका हिंसा र हानिकारक अभ्यासहरूको अन्त्य गर्ने लक्ष्य राखेको छ ।

संयुक्त राष्ट्रसंघको विशेष प्रतिवेदकले सन् २०१८ मा महिला विरुद्धको हिंसा सम्वन्धी नेपाल सरकारलाई दिएको प्रतिवेदनमा न्यायमा पहुँच सुदृढ पार्न महिला विरुद्धको लैङ्गिक हिंसा र हानिकारक अभ्यासको उन्मूलन गर्न सिफारिस गरेको छ। उक्त प्रतिवेदनमा महिला विरुद्धको हिंसा सम्वन्धी राष्ट्रिय कार्ययोजना बनाउने र विद्यमान कानूनहरूको प्रभावकारी कार्यान्वयन गर्ने विषय समावेश छ।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्वन्धी समितिले सन् २०१८ मा नेपालका सन्दर्भमा दिएको निष्कर्ष टिप्पणी र संयुक्त राष्ट्रसंघको मानवअधिकार परिषद्ले सन् २०२० मा नेपालको लागि गरेको मानव अधिकारको विश्वव्यापी आवधिक पुनरावलोकनका क्रममा नेपाललाई लैङ्गिक हिंसा, शोषण र विभेद लगायत परम्परागत तथा हानिकारक अभ्यासहरू विरुद्धको रणनीति तथा कार्ययोजना तयार गर्न सिफारिस गरेको छ । सन् २०२५ मा नेपालको सातौं प्रतिवेदनमाथि महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्वन्धी समितिले दिएको निष्कर्ष टिप्पणी तथा सिफारिसमा लैङ्गिक हिंसा विरुद्ध वृहत्तर कानूनको व्यवस्था गर्न र प्रविधि सृजित लैङ्गिक हिंसालाई



मा. सिता बादी
मन्त्री

सम्वोधन गर्न सिफारिस गरेको छ । साथै सन् २०१६ मा पेश गरेको चौथो चक्रको विश्वव्यापी आवधिक प्रतिवेदनको पुनरावलोकनमा महिला तथा बालिका विरुद्ध हुने हानिकारक अभ्यासहरू अन्त्य गर्न र पीडितहरूको न्यायमा पहुँच सुनिश्चित गर्ने सुझावहरू प्राप्त भएको छ ।

## २.२ राष्ट्रिय नीति तथा कानूनी व्यवस्थाहरू

लैङ्गिक हिंसा, विभेद, हानिकारक अभ्यास लगायत मानव बेचबिखन तथा समाजमा विद्यमान कुप्रथा र कुरीतिलाई रोकथाम गर्न, पीडकलाई कानूनी दायरामा ल्याउन र पीडितको उचित संरक्षण सहित न्यायमा पहुँच अभिवृद्धि गर्नका लागि नेपाल सरकारले विभिन्न नीति, ऐन, नियम तर्जुमा गरी लागू गरेको छ।

### (क) सोह्रौं योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६)

नेपालको सोह्रौं योजनाले लैङ्गिक समानताको अधिकार सुनिश्चित गर्न समानतामूलक समाज र लैङ्गिकताको आधारमा हुने हिंसा निवारणलाई महत्वपूर्ण प्राथमिकता दिएको छ।साथै सामाजिक सचेतना अभिवृद्धि गर्न र हिंसामा परेका पीडित तथा प्रभावितको उद्धार, राहत, संरक्षण, न्यायमा पहुँच तथा न्यायिक निरुपण गर्ने विषय उल्लेख गरेको छ।

### (ख) राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७

राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ ले लैङ्गिक भेदभाव, हिंसा र शोषणको अन्त्य गरी समानता र लैङ्गिक मूल्य मान्यतामा आधारित समाज स्थापित गर्ने उद्देश्य साथ निरोधात्मक, उपचारात्मक तथा नियमनकारी उपायद्वारा सामाजिक मूल्य र मान्यतामा परिवर्तन गर्दै लैङ्गिक विभेद र हिंसाको अन्त्य गर्ने रणनीतिहरु तय गरेको छ।

### (ग) राष्ट्रिय कानूनी व्यवस्था

मुलुकी अपराध संहिता, २०७४, मुलुकी देवानी संहिता, २०७४, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५, घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६, घरेलु हिंसा (कसुर र सजाय) नियमावली, २०६७, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१, बोक्सीको आरोप (कसूर तथा सजाय) ऐन, २०७२, अपराध पीडित संरक्षण ऐन, २०७५ तथा नियमावली लगायतका कानून कार्यान्वयनमा रहेका छन् ।

मा. सिता बादी
मन्त्री

२.३ लैङ्गिक हिंसा विरुद्ध विगतमा तर्जुमा भएका कार्ययोजना

(क) लैङ्गिक हिंसा विरुद्ध राष्ट्रिय कार्ययोजना (आ.व. २०६६/६७)

आ. व. २०६६/०६७ मा सन् २०१० लाई लैङ्गिक हिंसा विरुद्धको वर्ष घोषणा गरी लैङ्गिक हिंसा विरुद्ध एकीकृत अभियानका लागि राष्ट्रिय कार्ययोजना तयार भई कार्यान्वयन गरिएको थियो । उक्त कार्ययोजनामा लैङ्गिक हिंसाको रोकथाम र प्रतिकार्यका लागि विभिन्न मन्त्रालय, सरकारी तथा गैरसरकारी निकाय र साझेदार निकायको जिम्मेवारी तोकिएको थियो।

(ख) लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (आ.व. २०६९/७०-२०७३/७४)

हिंसाजन्य अपराधलाई न्यूनीकरण गर्नका लागि नेपाल सरकारले मिति २०६८/११/२२ मा लैङ्गिक हिंसाको अन्त्य तथा लैङ्गिक सशक्तीकरण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (आ.व. २०६९/७०-२०७३/७४) स्वीकृत गरी महिला हिंसाको अन्त्य तथा लैङ्गिक समानता, विकास र महिला सशक्तिकरण क्षेत्रमा भएका उपलब्धिहरू समेट्दै लैङ्गिक हिंसा र विभेद अन्त्य गर्नका लागि विभिन्न कार्यक्रम कार्यान्वयन गरिएको थियो ।

(ग) लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष, २०७६ - वार्षिक कार्यान्वयन कार्ययोजना (आ.व. २०७६/७७)

वि.सं २०७६ साललाई लैङ्गिक हिंसा विरुद्धको अभियान वर्षको रुपमा संघ, प्रदेश र स्थानीय तहले कार्यक्रम सञ्चालन गरी मनाउने निर्णय भए बमोजिम संघीय संरचना अन्तर्गत तीन तहका सरकारका प्रतिबद्धता एवं संघसंस्था समेतको सहभागितामा वार्षिक कार्यान्वयन कार्ययोजना कार्यान्वयनमा ल्याइएको थियो ।

(घ) अन्य राष्ट्रिय रणनीति तथा कार्ययोजनाहरू

राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ को कार्यान्वयन कार्ययोजना, २०८० बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना २०८२; मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी रणनीति तथा राष्ट्रिय कार्ययोजना, २०८२, महिला तथा बालिका उपर हुने हिंसा अन्त्यका लागि पुरुष सहभागिता रणनीति, २०७५, राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना, २०७७, महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद् प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना (आ.व.२०७९/८०-२०८१/८२), मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना



मा. सिता बादी
मन्त्री

(आ.व. २०७७/७८-२०८१/८२) तथा विश्वव्यापी आवधिक पुनरावलोकन (तेश्रो चक्र) बाट प्राप्त सिफारिस कार्यान्वयन कार्ययोजना (आ.व.२०७८-२०८२), विभेदपूर्ण लिङ्ग छनोट अन्त्यका लागि राष्ट्रिय रणनीति (आ.व.२०७८/७९-२०८८/८९) र स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०८०, राष्ट्रिय जनसंख्या नीति, २०८२ आदि समेत सान्दर्भिक दस्तावेजहरूको रुपमा रहेका छन् ।

## ३. विगतका भएका प्रयासको समीक्षा

लैङ्गिक हिंसा विरूद्ध शून्य सहनशीलताको नीति लिंदै संघीय सरकारले राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ लगायत विभिन्न कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयले हानिकारक प्रथा, परम्परा, कुरीति तथा सबै प्रकारका हिंसालाई सम्बोधन गर्नका लागि संघ, प्रदेश र स्थानीय तहको सहयोग र समन्वयमा अभियान कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। साथै प्रदेश तथा स्थानीय तहले लैङ्गिक हिंसा र कुरीतिजन्य अभ्यासहरूको अन्त्य गर्न विभिन्न नीति, रणनीति, निर्देशिका तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ।

महिला, बालबालिका लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिमाथि हुने लैङ्गिक हिंसा विरुद्धमा पुरुष सहभागिता अपरिहार्य भएकोले महिला तथा बालिकाउपर हुने हिंसा अन्त्यका लागि पुरुष सहभागिता रणनीति, २०७५ समेत कार्यान्वयनमा रहेको छ। यस्तै हिंसा पीडित तथा प्रभावित महिला, किशोरीका लागि सुरक्षित आवासगृह तथा दीर्घकालीन पुनर्स्थापना केन्द्र र मानव बेचबिखनका पीडितका लागि पुनर्स्थापना केन्द्रहरू सञ्चालनमा रहेको छ। संघ, प्रदेश र स्थानीय तहमा लैङ्गिक हिंसा निवारण कोषको स्थापना भई लैङ्गिक हिंसा पीडित वा प्रभावित व्यक्तिहरूलाई तत्काल उद्धार, राहत, औषधोपचार, कानूनी परामर्श, मनोविमर्श लगायतका सहयोगका लागि रकम उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले लैङ्गिक हिंसा पीडित वा प्रभावितहरूलाई स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श लगायतका सेवाहरू एकीकृत रुपले प्रदान गर्न ७७ वटै जिल्लाहरूका ९७ वटा अस्पतालहरूमा अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र र ९५ वटा अस्पतालहरूमा सामाजिक सेवा एकाइ स्थापना गरी लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावित लगायत अपाङ्गता भएका र गरिबीको रेखामुनि पर्ने व्यक्तिहरूलाई निशूल्क रुपमा स्वास्थ्य उपचार सेवा प्रदान गर्ने व्यवस्था गरेको छ।



मा. सिता बादी
मन्त्री

नेपाल प्रहरीले समुदायस्तरमा लैङ्गिक हिंसा नियन्त्रण सञ्जालहरू गठन गरी कार्यक्रमहरू संचालन गर्दै आएको छ साथै राष्ट्रिय महिला आयोगले हिंसा प्रभावित महिलाहरूको समस्यालाई सम्वोधन गर्न "खवर गरौं ११४५" हेल्पलाईनवाट सेवा प्रदान गर्दै आएको छ ।

समग्रमा लैङ्गिक हिंसा र कुरीतिजन्य अभ्यासहरूको रोकथामका लागि तीन तहका सरकार लगायत विभिन्न निकायहरूबाट विभिन्न सचेतनामूलक र अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन हुँदै आएको भएतापनि नेपाली समाजमा जरा गाडेर बसेको पितृसत्तात्मक सोच र कतिपय सामाजिक मूल्य मान्यताका गलत अभ्यास र अपव्याख्याका कारण लैङ्गिक हिंसा, विभेद र कुरीतिजन्य अभ्यासहरू कायमै रहेको छ। उल्लिखित नीतिगत तथा कानूनी प्रवन्ध एवम् कार्यक्रमहरूवाट लैङ्गिक हिंसाजन्य कार्यलाई सम्वोधन गर्ने प्रयासमा महत्वपूर्ण योगदान पुगेको भएता पनि हालसम्म प्राप्त उपलब्धिको जगेर्ना एवं तिनीहरूको गुणात्मक र परिमाणात्मक पक्षमा सुधार सहित भविष्यमा थप कार्य गर्नुपर्ने आवश्यकता रहेको छ।

## ४. प्रमुख चुनौती तथा अवसर

चुनौती

महिलामाथि हुने सवै किसिमका हिंसा, विभेद र शोषणको अन्त्य गर्नु, समाजमा विद्यमान पितृसत्तात्मक सोच र संरचना परिवर्तन गर्नु, हानिकारक कुरीति र कुप्रथाको अन्त्य गर्नु, संघ, प्रदेश र स्थानीय तहमा लैङ्गिक सवाललाई थप आन्तरिकीकरण र संस्थागत गर्नु, महिलाको सामाजिक, प्राकृतिक एवं व्यवसायिक भूमिकालाई सन्तुलन गर्नु, सम्पत्तिमाथि महिलाको पहुँच स्थापित गर्नु, आर्थिक सशक्तीकरण मार्फत समग्र महिलाको जीवनस्तरमा सुधार ल्याउनु, हिंसा पीडितहरुको संरक्षण, न्यायमा सहज र शीघ्र पहुँच एवं पुनर्स्थापनाको पर्याप्त प्रवन्ध गर्नु, एकद्वार संकट व्यवस्थापन केन्द्रको सेवालाई प्रभावकारी बनाउनु, लैङ्गिक हिंसालाई सम्वोधन गर्ने संयन्त्रमा पीडित केन्द्रित सेवा सुनिश्चित गर्नु, सूचना प्रविधिजन्य हिंसालाई न्यूनीकरण गर्नु र लैङ्गिक उत्तरदायी शासन व्यवस्था मार्फत महिला तथा किशोरीमाथि हुने सवै किसिमका विभेद हटाई लैङ्गिक समानता सहित सामाजिक रुपान्तरण गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

मा. सिता बादी
मन्त्री

अवसर

नेपालको संविधानले लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्यायलाई सुनिश्चित गरेकोछ, लैङ्गिक-मैत्री कानूनहरू निर्माण हुनु, राज्यका तीनवटै तहमा महिलाको राजनैतिक सहभागिता उत्साहजनक रहनु, लैङ्गिक उत्तरदायी बजेट प्रणाली संस्थागत हुने क्रममा रहनु, विद्यालय शिक्षामा लैङ्गिक समदर कायम हुनु, लैङ्गिक समानताप्रति समाजको मुल्य-मान्यता र व्यवहारमा क्रमशः सकारात्मक परिवर्तन हुँदै आउनु, विद्यालय शिक्षा, सञ्चार माध्यम सामाजिक अभियान मार्फत लैङ्गिक समानता बारे चेतना बढ्दै गएको तथा विशेष गरी निजामती सेवा, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र शिक्षक सेवा जस्ता सार्वजनिक सेवाका क्षेत्रहरूमा महिलाको प्रतिनिधित्व र अर्थपूर्ण उपस्थिति क्रमशः वृद्धि हुँदै जानु यस क्षेत्रका अवसर हुन् ।

## ५. कार्ययोजनाको आवश्यकता

लैङ्गिक हिंसा बहुक्षेत्रीय विषय भएकोले यसलाई सम्बोधन गर्न तीनै तहको सरकारले योजनाबद्ध रूपमा पहल गर्न आवश्यक छ। शिक्षा, आर्थिक सशक्तीकरण, सामाजिक सकारात्मक रुपान्तरण र संस्थागत सहकार्यलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्नका लागि यो कार्ययोजना आवश्यक रहेको छ। साथै १६औं योजना, दिगो विकास लक्ष्यको प्राप्ति, नेपालको अन्तर्राष्ट्रिय दायित्व अन्तर्गत महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) समितिबाट प्राप्त निष्कर्ष टिप्पणी, मानव अधिकारको विश्वव्यापी आवधिक पुनरावलोकनका क्रममा प्राप्त सुझावहरू र संयुक्त राष्ट्रसंघ अन्तर्गत कार्यरत महिला विरुद्धको हिंसा सम्बन्धी विशेष प्रतिवेदकले विभिन्न समयमा गरेका सिफारिसहरूको कार्यान्वयनका लागि एकीकृत प्रयास हुन सहयोग पुगोस् भन्ने अभिप्रायले यो कार्ययोजना तर्जुमा भएको छ।

## ६. अवधि

यो कार्ययोजनाको अवधि पाँच वर्षको हुनेछ ।

## ७. राष्ट्रिय कार्ययोजनाले अवलम्बन गरेका सैद्धान्तिक आधारहरू

समग्रमा यस कार्ययोजनाले निम्न सैद्धान्तिक आधारहरू अवलम्बन गर्दै सोच, उद्देश्य, रणनीति र कार्यक्रमहरू तय गरेको छ ।



मा. सिता बादी
मन्त्री

१. **हिंसा विरूद्ध शून्य सहनशीलता:** लैङ्गिक हिंसाका घटनामा संलग्न कसैलाई पनि छुट नदिई 'शून्य सहनशीलता' को नीति अनुरूप तत्काल कानूनी कारवाही गरिनेछ।

२. **मानव अधिकारको सम्मानः** प्रत्येक व्यक्तिको जीवन, स्वतन्त्रता, सुरक्षा, सम्मान र मर्यादाको संरक्षण गर्ने।

३. **लैङ्गिक समानता र सामाजिक समावेशीकरणः** महिला, पुरुष तथा अन्य लैङ्गिक तथा सामाजिक समूहवीच समान अवसर र अधिकार सुनिश्चित गर्ने।

४. **पीडित केन्द्रित दृष्टिकोण:** सेवा प्रवाह र न्याय निरूपण गर्दा पीडित वा प्रभावित व्यक्तिको सुरक्षा, चाहना र सर्वोत्तम हितलाई प्राथमिकतामा राखिनेछ।

५. **लैङ्गिक हिंसा अन्त्यका लागि समन्वय, सहकार्य र साझेदारीः** सरकारी निकाय, गैरसरकारी संस्था, निजी क्षेत्र, सञ्चार माध्यम तथा समुदायवीच प्रभावकारी समन्वय कायम गर्ने।

६. **जवाफदेहिता र उत्तरदायित्व:** कानून कार्यान्वयन गर्ने निकाय, सेवा प्रदायक र सरोकारवालाहरूलाई पीडितप्रति जिम्मेवार र उत्तरदायी वनाइनेछ।

मा. सिता बादी
मन्त्री

परिच्छेद ३

## सोच, उद्देश्य र रणनीति

**सोचः**

लैङ्गिक हिंसामुक्त समाज ।

**उद्देश्यः**

१. सवै प्रकारका लैङ्गिक हिंसाको अन्त्य गर्न निरोधात्मक उपायहरूको अवलम्वन गर्नु ।

२. लैङ्गिक हिंसावाट पीडित तथा प्रभावितहरूको उद्धार, राहतको व्यवस्था, संरक्षण तथा पुनर्स्थापना सुनिश्चित गर्नु ।

३. लैङ्गिक हिंसावाट पीडित तथा प्रभावितहरूको न्यायमा सहज पहुँच सुनिश्चित गर्नु ।

४. लैङ्गिक हिंसाको रोकथाम र प्रतिकार्यको लागि अन्तरतह र अन्तरपक्षीय संस्थागत समन्वय, सहकार्य र साझेदारीलाई प्रभावकारी वनाउनु ।

५. लैङ्गिक हिंसा सम्वोधन गर्ने तहगत संयन्त्रहरूको सुदृढीकरण गर्नु ।

६. विपद्, महामारी तथा द्वन्द्वजस्ता विषम् परिस्थितिमा लैङ्गिक हिंसा नियन्त्रणका लागि प्रतिकार्य प्रणाली सुनिश्चित गर्नु ।

**रणनीतिः**

**उद्देश्य नं १ सँग सम्बन्धितः**

१.१ महिला, वालवालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, दलित तथा अति सीमान्तकृत समुदायका व्यक्ति माथि हुने सवै किसिमका लैङ्गिक विभेद र हिंसालाई अन्त्य गर्ने।

१.२ सार्वजनिक र निजी क्षेत्रमा लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलता अवलम्वन गर्ने ।

१.३ हानिकारक तथा कुरीतिजन्य अभ्यास रहेको वर्ग क्षेत्र तथा समुदायहरुमा लैङ्गिक विभेदकारी व्यवहारको रुपान्तरण गर्ने ।

१.४ लैङ्गिक हिंसा विरुद्धको अभियानमा वालवालिका, किशोर किशोरी तथा पुरुषको सहभागिता अभिवृद्धि गर्ने ।

१.५ लैङ्गिक हिंसाको जोखिममा रहेका व्यक्तिको उद्यमशीलता प्रवर्द्धन तथा नेतृत्व विकास सहित सशक्तीकरण गर्ने ।

१.६ प्रविधिजन्य लैङ्गिक हिंसा लगायत नयाँ स्वरुपका हिंसालाई सम्वोधन गर्ने ।

मा. सिता बादी
मन्त्री

उद्देश्य २ सँग सम्बन्धित:

२.१ लैङ्गिक हिंसामा परेका व्यक्तिको तत्काल उद्धार गर्ने ।

२.२ लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूका लागि आवश्यक सेवा सहित सुरक्षित आवासको व्यवस्था गर्ने ।

२.३ लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरूका लागि मनोसामाजिक तथा प्रेषण सेवा लगायतका स्वास्थ्य सेवा सुनिश्चित गर्ने ।

२.४ लैङ्गिक हिंसाका पीडित तथा प्रभावितहरूको क्षमता विकास सहित सामाजिक पुनर्स्थापना गर्ने ।

२.५ लैङ्गिक हिंसा पीडित तथा प्रभावितको सुरक्षाका लागि निगरानी प्रणाली व्यवस्था गर्ने ।

उद्देश्य ३ सँग सम्बन्धित:

३.१ लैङ्गिक हिंसा पीडित र प्रभावित व्यक्तिको उजुरी, अनुसन्धान तथा अभियोजन प्रक्रियामा लैङ्गिक संवेदनशीलता सुनिश्चित गर्ने ।

३.२ लैङ्गिक हिंसा पीडित र प्रभावित व्यक्तिको लागि निःशूल्क कानूनी सहायता तथा न्यायमा पहुँच स्थापित गर्ने ।

३.३ लैङ्गिक हिंसा पीडित तथा प्रभावितको पक्षमा भएका आदेश तथा फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउने ।

उद्देश्य ४ सँग सम्बन्धित:

४.१ लैङ्गिक हिंसा अन्त्यका लागि सबै तहका सरकार र सम्वन्धित निकाय बीचको समन्वय, सहकार्य र अन्तरसम्बन्धलाई प्रभावकारी बनाउने।

४.२ लैङ्गिक हिंसा निवारणसँग सम्वन्धित निरोधात्मक, उपचारात्मक तथा प्रवर्धनात्मक कार्यको लागि तीनै वटै तहका सरकारको आवश्यक स्रोत सहित साझा जिम्मेवार सुनिश्चितता गर्ने ।

४.३ लैङ्गिक खण्डीकृत तथ्याङ्क प्रणाली र प्रतिवेदन प्रणालीको विकास गर्ने ।

उद्देश्य ५ सँग सम्बन्धित:

५.१ न्यायपालिका, स्थानीय न्यायिक समिति तथा कानून कार्यान्वयनमा संलग्न निकायहरुको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

मा. सिता बादी
मन्त्री

५.२ लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूको उद्धार, संरक्षण र पुनर्स्थापना गर्न संघ, प्रदेश र स्थानीय तहका सरकारहरूबीच साझेदारी गर्ने संयन्त्र र संरचनाहरूको दक्षता अभिवृद्धि गर्ने।

५.३ लैङ्गिक हिंसा, विभेद र हानिकारक अभ्यासहरूलाई प्रभावकारी रुपले सम्बोधन गर्न राज्यका सम्बन्धित निकायमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्ने।

५.४ सम्मानजनक सुरक्षित मातृत्व तथा प्रजनन सेवा उपलब्ध गराउन स्वास्थ्य सेवा प्रदायकको क्षमतामा थप सुधार गर्ने।

**उद्देश्य ६ सँग सम्बन्धित:**

६.१ विपद् तथा महामारीको समयमा लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूका लागि पर्याप्त सुरक्षा र आधारभूत सेवाहरू सुनिश्चित गर्ने ।

६.२ विपद्, महामारी तथा जलवायु परिवर्तन लगायतको कारणले सृजना हुन सक्ने लैङ्गिक हिंसाको सम्बोधनका लागि सरकारका तीन वटै तहमा योजनाबद्ध प्रतिकार्य प्रणाली स्थापित गर्ने ।

माथि उल्लेख गरिएका सोच, उद्देश्य रणनीतिहरूको कार्यान्वयनको लागि समयसीमा सहितको कार्यक्रम, कार्यान्वयनको लागि जिम्मेवार निकाय, सहयोगी निकाय, अनुगमन सूचक, र सूचनाको स्रोत समेतको कार्ययोजना निम्नानुसार प्रस्तुत गरिएको छ ।

Sita

मा. सिता बादी
मन्त्री

# परिच्छेद – ३

## कार्ययोजना

| उद्देश्य १: सबै प्रकारका लैङ्गिक हिंसाको अन्त्य गर्न निरोधात्मक उपायहरूको अवलम्बन गर्नु । | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| रणनीति | कार्यक्रमहरू | जिम्मेवार निकाय | | | सहयोगी निकाय | अनुगमन सूचक | सूचनाको स्रोत | समय सीमा |
| | | संघ | प्रदेश | स्थानीय | | | | |
| १.१महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, दलित तथा अति सीमान्तकृत समुदायका व्यक्ति माथि हुने सबै किसिमका लैङ्गिक विभेद र हिंसालाई अन्त्य गर्ने। | १.१.१ लैङ्गिक हिंसा र समाजमा रहेका हानिकारक प्रथा, परम्परा, कुरीति विरूद्ध सूचनामूलक सन्देश सम्बन्धी सामग्रीहरूको उत्पादन, प्रकाशन र वितरण गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | प्रदेशको कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, विज्ञापन बोर्ड, गैरसरकारी संस्थाहरू; नागरिक समाज | उत्पादन, प्रकाशन र वितरण भएका सूचनामूलक सन्देशहरू दिने सामग्रीहरूको संख्या | वार्षिक प्रतिवेदन | निरन्तर |
| | १.१.२ लैङ्गिक हिंसा र हानिकारक परम्परागत अभ्यासहरूका साथै सार्वजनिक यातायातका साधनको प्रयोग गर्दा हुने यौन हिंसा तथा प्रविधिजन्य लैङ्गिकहिंसालाई निरूत्साहन गर्ने सन्देशहरू रेडियो, टेलिभिजन, राष्ट्रिय दैनिक पत्रिकाहरू, सामाजिक सञ्जाल लगायतका आम सञ्चारका | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | सूचना तथा सञ्चार मन्त्रालय, प्रदेशको कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय, विज्ञापन बोर्ड, गैरसरकारी संस्थाहरू; नागरिक समाज, आम सञ्चारका संस्थाहरु | उत्पादन, प्रकाशन र सम्प्रेषण भएका सूचनामूलक सन्देशहरू दिने सामग्रीहरूको संख्या | वार्षिक प्रतिवेदन | निरन्तर |



मा. सिता बादी

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | माध्यमबाट समुदायस्तरसम्म निरन्तर सम्प्रेषण गर्ने । | | | | | | |
| | १.१.३ विभेदपूर्ण सामाजिक मूल्य मान्यता र कुरीतिजन्य अभ्यासको अन्त्य गर्न अन्तरपुस्ताबीच लैङ्गिक रुपान्तरणकाबारेमा नियमित संवाद कार्यक्रमहरू सञ्चालन गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | नागरिक समाज, विकासका साझेदार संस्थाहरू | संवाद कार्यक्रमहरूको संख्या/ सहभागीहरूको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | निरन्तर |
| | १.१.४ धार्मिक अगुवा, बुद्धिजीवीहरू, जनप्रतिनिधि, नागरिक समाजका अगुवा, महिला समूह, पुरुष समुह/सञ्जाल युवा समूहलाई लैङ्गिक हिंसाकाबारेमा क्षमता अभिवृद्धि गरी परिचालन गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | नागरिक समाज, विकासका साझेदार संस्थाहरू | धार्मिक अगुवाहरू, बुद्धिजीवीहरू र अन्य प्रभावशाली नेताहरूसँग गरेको संवादको संख्या र सहभागीहरूको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | निरन्तर |
| | १.१.५ तीनै तहका सरकारका विभिन्न कार्यालयका कर्मचारीहरुको लागि लैङ्गिक हिंसा र हानिकारक अभ्यासका विरूद्ध अभिमूखीकरण/संवाद कार्यक्रम गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय, नागरिक समाज, विकासका साझेदार संस्थाहरू | सरोकारवाला निकाय र आम नागरिक बीच छलफल र बहस गर्न आयोजना गरिएको अन्तर्क्रिया कार्यक्रम र सहभागीहरूको | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | निरन्तर |



मा. सिता बादी
मन्त्री

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | संख्या | | |
| | १.१.६ लैङ्गिक तथा यौनिक अल्पसंख्यक प्रतिको सामाजिक सोच र व्यवहारमा परिवर्तन गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय, नागरिक समाजविकासका साझेदार संस्थाहरू | आयोजना गरिएको सचेतना कार्यक्रम र सहभागीहरूको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | निरन्तर |
| | १.१.७ अपांगता भएका व्यक्तिलाई अमानवीय, अपमानजनक व्यवहार, शारीरिक, मानसिक वा यौन हिंसा, घरेलु हिंसा, यौनजन्य दुर्व्यवहार र शोषण रोक्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | गृह मन्त्रालय, शिक्षा तथा खेलकूद मन्त्रालय; नागरिक समाज; विकासका साझेदार संस्थाहरू | सचेतनामूलक कार्यक्रमको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | निरन्तर |
| | १.१.८ समाजका सीमान्तकृत वर्गका व्यक्तिहरुमाथि हुने यौनिक तथा लैङ्गिक आधारमा हुने दुर्व्यवहार, हिंसा र हानिकारक अभ्यास बारेमा सचेतना अभिवृद्धि गर्ने | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | राष्ट्रिय महिला आयोग,सम्बन्धित संवैधानिक आयोगहरू, प्रदेशको कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय, | सचेतनामूलक कार्यक्रमको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | निरन्तर |
| १.२ सार्वजानिक, निजी र सहकारी क्षेत्रमा | १.२.१ लैङ्गिक हिंसा निवारणका लागि समसामयिक रुपमा | महिला बालबालिका, लैङ्गिक तथा | लैङ्गिक सम्बन्धी विषय हेर्ने | स्थानीय तह | कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, | लैङ्गिक हिंसा निवारणका लागि समसामयिक | कानून निर्माण/ परिमार्जन | निरन्तर |



मा. सिता बादी
मन्त्री

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलता अबलम्बन गर्ने । | आवश्यक नीति तथा कानून निर्माण/ परिमार्जन गर्ने | यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | मन्त्रालय | | सरोकारवाला निकाय, | रुपमा आवश्यक नीति तथा कानून निर्माण/ परिमार्जनको संख्या | | |
| | १.२.२ कार्यस्थलमा सुरक्षित र सम्मानजनक वातावरण सृजना गर्न लैङ्गिक हिंसा विरुद्धको आचारसंहिता लागु गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, सरोकारवाला निकाय | कार्यस्थलमा सुरक्षित र सम्मानजनक वातावरण सृजना गर्न लैङ्गिक हिंसा विरुद्धको आचारसंहिता लागू | | |
| | १.२.३ लैङ्गिक हिंसा विरूद्ध शुन्य सहनशीलताको नीति अख्तियारी गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, | | | निरन्तर |
| | १.२.४ लैङ्गिक हिंसा न्यूनीकरणका लागि आवश्यक कार्यविधि तयार गरी लागु गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, | कार्यविधि निर्माण संख्या | कार्यविधि निर्माण संख्या | निरन्तर |



मा. सिता बादी
मन्त्री

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १.३ हानिकारक तथा कुरीतिजन्य अभ्यास रहेको वर्ग क्षेत्र तथा समुदायहरुमा लैङ्गिक विभेदकारी व्यवहारको रुपान्तरण गर्ने । | १.३.१ समाजमा सकारात्मक भूमिका प्रोत्साहन गर्न समानता र सम्मानजनक व्यवहार आत्मसात गर्ने व्यक्तित्वहरुलाई उदाहरणको रुपमा प्रस्तुत गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय; सम्बन्धित संवैधानिक आयोग; | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | सम्बन्धित संवैधानिक आयोग; नागरिक समाज; विकासका साझेदार संस्थाहरू | सचेतनामूलक कार्यक्रम र सहभागीहरूको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | निरन्तर |
| | १.३.२ लैङ्गिक हिंसा र हानिकारक अभ्यास विरुद्ध तीनै तहका सरकारद्वारा आभियानमुखी कार्यक्रम सञ्चालन गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय स्थानीय तह | नागरिक समाज; विकासका साझेदार संस्थाहरू | अभियानमुखी कार्यक्रमको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | निरन्तर |
| | १.३.३ लैङ्गिक हिंसा र हानिकारक अभ्यास, प्रथा, परम्परा र कुरीति विरूद्ध सरोकारवाला निकाय र आम नागरिकबीच सकारात्मक सञ्चार संवाद गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय, नागरिक समाज, विकासका साझेदार संस्थाहरू | सरोकारवाला निकाय र आम नागरिक बीच छलफल, बहस, अन्तर्क्रिया कार्यक्रम र सहभागीहरूको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | निरन्तर |
| | १.३.४ हानिकारक सामाजिक मान्यता प्रथा परम्परा लगायतका प्रचालन | महिला बालबालिका, लैङ्गिक तथा | लैङ्गिक सम्बन्धी विषय हेर्ने | स्थानीय तह | भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा समान्य | शिक्षक, धार्मिक अगुवाद्वारा सकारात्मक | अध्ययन प्रतिवेदन | निरन्तर |



मा. सिता बादी
मन्त्री

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विरुद्ध शिक्षक, धार्मिक अगुवाद्वारा सकारात्मक पहल गर्ने । | यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | मन्त्रालय | | प्रशासन मन्त्रालय, शिक्षा तथा खेलकूद मन्त्रालय; नागरिक समाज, कासका साझेदार संस्थाहरू | पहल उदाहरणहरु । | | |
| १.४ लैङ्गिक हिंसा विरुद्धको अभियानमा बालबालिका, किशोर किशोरी तथा पुरुषको सहभागिता अभिवृद्धि गर्ने। | १.४.१ विद्यालय/समुदायस्तरमा बाल क्लब /बाल सञ्जाल गठन तथा क्षमता अभिवृद्धि गरी लैङ्गिक हिंसा, विभेद र हानिकारक परम्परागत अभ्यासहरूको विरुद्ध परिचालन गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | गृह मन्त्रालय, प्रदेशको कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय, शिक्षा तथा खेलकूद मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश बाल अधिकार समिति; स्थानीय बाल अधिकार समिति | बाल क्लब र आवद्ध बालबालिकाको संख्या | प्रतिवेदन | निरन्तर |
| | १.४.२ बालबालिका तथा किशोर किशोरीलाई जीवनउपयोगी सीप "रूपान्तरण" सम्बन्धी तालिम प्रदान गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक र शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | नागरिक समाज, विकासका साझेदार संस्थाहरू | "रूपान्तरण" सिकाई भएका किशोरकिशोरीको संख्या | प्रतिवेदन | निरन्तर |
| | १.४.३ रूपान्तरण स्रोत केन्द्र स्थापना तथा परिचालन गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक | लैङ्गिक र शिक्षा सम्बन्धी विषय हेर्ने | स्थानीय तह | विद्यालय, नागरिक समाज; बिकासका साझेदार संस्थाहरू; गैरसरकारी | "रूपान्तरण" सिकाई पाएका बालबालिका तथा | सम्बन्धित तहको वार्षिक प्रतिवेदन, | कार्ययोजना कार्यान्वयनको अविध भित्र |



मा. सिता बादी
मन्त्री

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | मन्त्रालय | | संस्थाहरू | किशोरकिशोरीको संख्या | | |
| | १.४.४ विद्यालयस्तरमा किशोरी मैत्री र बाल मैत्री सूचना केन्द्र र गुनासो व्यवस्थापन प्रणालीको व्यवस्था गर्ने । | शिक्षा तथा खेलकुद मन्त्रालय | लैङ्गिक र शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, विद्यालय, नागरिक समाज, गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल नगरपालिका संघ | विद्यालयमा स्थापित किशोरी मैत्री र बाल मैत्री सूचना केन्द्र र सम्बोधन गरिएको गुनासो को संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | कार्ययोजना कार्यान्वयनको अविध भित्र |
| | १.४.५ बालबालिका विरुद्ध हुने सबै किसिमका हिंसा, यौनदुर्व्यवहार र विभेद जस्ता कसूर विरुद्ध सचेतनामूलक कार्यक्रम संचालन गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | गृह मन्त्रालय; नेपाल प्रहरी, प्रदेशको कानून सम्बन्धी बिषय हेर्ने मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश बाल अधिकार समिति; स्थानीय बालअधिकार समिति | कार्यक्रम र सहभागीको संख्या | प्रतिवेदन | निरन्तर |
| | १.४.६ बाल विवाह विरुद्ध संघ, प्रदेश तथा स्थानीय तहका रणनीतिको आन्तरिकीकरण गरी कार्यान्वयन गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | गृह मन्त्रालय; शिक्षा तथा खेलकूद मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेशको कानून सम्बन्धी | बाल विवाह विरुद्धको रणनीतिको कार्यान्वयन भैरहेका प्रदेश र जिल्लाको संख्या | वार्षिक प्रतिवेदन | निरन्तर |



मा. सिता बादी
मन्त्री

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | मन्त्रालय | | | विषय हेर्ने मन्त्रालय, प्रदेश बाल अधिकार समिति, स्थानीय बालअधिकार समिति, नागरिक समाज | | | |
| | १.४.७ बालबालिका तथा किशोर किशोरीहरूलाई लैङ्गिक हिंसाको जोखिमबाट बचाउन आत्मरक्षा तालिम प्रदान गर्ने। | शिक्षा तथा खेलकूद मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय,विद्यालय, नागरिक समाज, प्रदेश बाल अधिकार समिति, स्थानीय बालअधिकार समिति | आत्मरक्षा तालिम र प्रशिक्षार्थीको संख्या | वार्षिक प्रतिवेदन; विद्यालयको प्रतिवेदन | निरन्तर |
| | १.४.८ संघ, प्रदेश र स्थानीय तहमा लैङ्गिक हिंसा अन्त्यका लागि पुरुषहरूको सञ्जाल गठन र परिचालन गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | नागरिक समाज, विकासका साझेदार संस्थाहरू | लैङ्गिक हिंसा र कुरीतिजन्य अभ्यासहरू विरुद्धको अभियानमा सहभागी पुरुष सञ्जाल र सदस्य | वार्षिक प्रतिवेदन | निरन्तर |
| | १.४.९ समुदाय तथा विद्यालयमा वृहत्तर यौनिकता शिक्षा लैङ्गिक हिंसा र यौन तथा प्रजनन् स्वास्थ्य बीचको अन्तरसम्बन्धबारे सचेतना कार्यक्रम सञ्चालन गर्ने । | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | शिक्षा तथा खेलकूद मन्त्रालय, स्वास्थ्य संस्था, नागरिक समाज, विकासका साझेदार संस्थाहरू | सचेतना कार्यक्रम र सहभागीहरूको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | निरन्तर |



मा. सिता बादी
मन्त्री

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १.४.१० विद्यालयस्तरमा किशोरकिशोरी मैत्री सूचना कक्षा सञ्चालन गर्ने । | शिक्षा तथा खेलकुद मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | विद्यालय, नागरिक समाज, विकासका साझेदार संस्थाहरू | विद्यालयमा स्थापित किशोर किशोरी मैत्री सूचना कक्षको संख्या | वार्षिक प्रतिवेदन | कार्ययोजना कार्यान्वयनको अवधि भित्र |
| १.५ हिंसा जोखिममा रहेका व्यक्तिको उद्यमशीलता प्रवर्द्धन तथा नेतृत्व विकास सहित सशक्तिकरण गर्ने । | १.५.१ स्थानीय स्रोत साधनको उपयोग गर्दै रोजगामूलक सीप विकास तालिम प्रदान गर्ने। | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय, प्राविधक शिक्षा तथा व्यवसायिक तालिम परिषद, बिकासका साझेदार संस्था, नागरिक समाज | हिंसा पीडितका लागि संचालित उद्यमशीलता तालिम र तालिम प्राप्त गरेका प्रशिक्षार्थीहरूको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | निरन्तर |
| | १.५.२ सीप विकास तालिम प्राप्त लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरूलाई साना उद्यम कार्यको लागि बीउ पूंजी उपलब्ध हुने व्यवस्था गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय, विकासका साझेदार संस्था, नागरिक समाज | बीउ पूँजी प्राप्त गरी उद्यम सुरु गरेका लैङ्गिक हिंसाका पीडित तथा प्रभावितहरूको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | कार्ययोजना कार्यान्वयनको अवधि भित्र |
| | १.५.३ लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरूलाई उद्यमशीलता तथा बजारीकरण सम्बन्धी तालिम प्रदान गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्रदेशको कानून एवम् श्रम सम्बन्धी विषय हेर्ने मन्त्रालय, प्राविधक शिक्षा तथा व्यसयिक तालिम परिषद | जीविकोपार्जन तथा स्वरोजगार कार्यक्रमबाट लाभान्वित संख्या | वार्षिक प्रतिवेदन | निरन्तर |



मा. सिता बादी
मन्त्री

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | नागरिक समाज, विकासका साझेदार संस्थाहरू | | | |
| | १.५.४ लैङ्गिक हिंसा जोखिममा रहेका समूह तथा समुदायको पहिचान गरी सशक्तिकरण गर्न समुदायमा आधारित जीविकोपार्जन तथा स्वरोजगारका कार्यक्रमहरू सञ्चालन गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्रदेशको कानून एवम् श्रम सम्बन्धी विषय हेर्ने मन्त्रालय, नागरिक समाज, विकासका साझेदार संस्थाहरू | कार्यक्रम तथा सहभागी संख्या | प्रतिवेदन | निरन्तर |
| | १.५.५ लैङ्गिक हिंसाको जोखिममा परेका लोपोउन्मुख व्यक्ति वा समुदायको पहिचान गरी सशक्तीकरण गर्न अतिविपन्न तथा सिमान्तकृत समुदायलाई लक्षित कार्यक्रम सञ्चालन गर्ने । | महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्रदेशको कानून एवम् श्रम सम्बन्धी विषय हेर्ने मन्त्रालय, नागरिक समाज, विकासका साझेदार संस्थाहरू | कार्यक्रम तथा सहभागी संख्या | प्रतिवेदन | निरन्तर |
| | १.५.६ लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरूलाई नेतृत्व विकास सम्बन्धी तालिम प्रदान गर्ने । | महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | विकासका साझेदार संस्था, नागरिक समाज | बीउ पूँजी प्राप्त गरी उद्यम सुरु गरेका लैङ्गिक हिंसाका पीडित तथा | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | कार्ययोजना स्वीकृत भएपछि ६ महिना भित्र सुरु गरी सो |



मा. सिता बादी
मन्त्री

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सामाजिक सुरक्षा मन्त्रालय | | | | प्रभावितहरूको संख्या | | पश्चात निरन्तर |
| १.६ प्रविधिजन्य लैङ्गिक हिंसा लगायत नयाँ स्वरुपका हिंसालाई सम्बोधन गर्ने । | १.६.१ डिजिटल सुरक्षा सम्बन्धी राष्ट्रिय अभियान कार्यक्रम | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, नेपाल प्रहरी | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | विद्यालय, नागरिक समाज, विकासका साझेदार संस्थाहरू | कार्यक्रम संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | निरन्तर |
| | १.६.२ शिक्षकहरुको तालिम पाठ्यक्रममा लैङ्गिक हिंसा तथा प्रविधिको प्रयोगबाट हुने हिंसाका विषयलाई समावेश गर्ने । | शिक्षा तथा खेलकूद मन्त्रालय | शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेशको महिला, बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय, पाठयक्रम विकास केन्द्र, राष्ट्रिय बालअधिकार परिषद् | परिमार्जित पाठ्यक्रम | वार्षिक प्रतिवेदन | कार्ययोजना कार्यान्वयनको अविध भित्र |
| | १.६.३ प्रविधिजन्य लैङ्गिक हिंसा लगायत नयाँ स्वरुपका हिंसालाई विषयगत तालिम कार्यक्रमको विषयवस्तुमा समावेश गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | विकास साझेदार, गैर सरकारी संस्था, विभिन्न समूह, क्लब, संगठन,नागरिक समाज | कार्यक्रम संख्या | वार्षिक प्रतिवेदन | निरन्तर |



मा. सिता बादी
मन्त्री

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | नेपाल प्रहरी | | | | | | |
| | १.६.३ प्रविधिको प्रयोग तथा प्रविधिजन्य लैङ्गिक हिंसा लगायत नयाँ स्वरुपका विषय विद्यालय तथा विश्वविद्यालयको पाठ्यक्रम र अतिरिक्त क्रियाकलापमा समावेश गर्ने। | शिक्षा तथा खेलकुद मन्त्रालय | शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेशको महिला, बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय, पाठयक्रम विकास केन्द्र, राष्ट्रिय बालअधिकार परिषद् | परिमार्जित पाठ्यक्रम | वार्षिक प्रतिवेदन | कार्ययोजना कार्यान्वयनको अवधि भित्र |
| | १.६.४ प्रविधिको प्रयोग गरी हुने लैङ्गिक हिंसाको प्रभावकारी अनुसन्धान अभियोजन तथा न्याय निरुपणका लागि सरोकारवाला निकायको क्षमता अभिवृद्धि गर्ने। | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, नेपाल प्रहरी | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | न्यायिक निकाय, नेपाल प्रहरी | कार्यक्रम संख्या | प्रतिवेदन | निरन्तर |
| | १.६.५ महिला तथा बालबालिका उपर हुने साइबर हिंसा लगायतका डिजिटल अपराध न्यूनीकरण गर्न स्थानीय भाषामा डिजिटल सचेतनामूलक सामाग्री निर्माण गरी प्रचार प्रसार गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, नेपाल प्रहरी | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | न्यायिक निकाय,नेपाल प्रहरी | कार्यक्रम संख्या | प्रतिवेदन | निरन्तर |



मा. सिता बादी
मन्त्री

उद्देश्य २.२. लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूको उद्धार, राहतको व्यवस्था, संरक्षण तथा पुनर्स्थापना सुनिश्चित गर्नु ।

| रणनीति | कार्यक्रमहरू | जिम्मेवार निकाय | | | सहयोगी निकाय | अनुगमन सूचक | सूचनाको श्रोत | समय सीमा |
|---|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | | | | |
| २.१ लैङ्गिक हिंसामा परेका व्यक्तिको तत्काल उद्धार गर्ने। | २.१.१ लैङ्गिक हिंसा पीडित तथा जोखिममा परेका महिला, किशोरी तथा बालबालिकाको तत्काल उद्धार, संरक्षण तथा व्यवस्थापनका कार्यक्रम सञ्चालन गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | राष्ट्रिय महिला आयोग, गृह मन्त्रालय, नेपाल प्रहरी, नागरिक समाज, विकासका साझेदार संस्थाहरू | उद्धार गरिएको संख्या | वार्षिक प्रतिवेदन | निरन्तर |
| २.२ लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूका लागि आवश्यक सेवा सहित सुरक्षित आवासको व्यवस्था गर्ने । | २.२.१ लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूलाई तत्काल बासस्थानको व्यवस्था गर्न जिल्ला स्तरीय अल्पकालीन सुरक्षित आवास गृह सञ्चालन गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय, गृह मन्त्रालय, नागरिक समाज, विकासका साझेदार संस्थाहरू | सञ्चालनमा आएका अल्पकालीन सुरक्षित आवास गृहहरूको संख्या | वार्षिक प्रतिवेदन | कार्ययोजना कार्यान्वयनको अविध भित्र |
| | २.२.२ प्रत्येक प्रदेशमा कम्तिमा एउटा दीर्घकालीन सुरक्षित आवास गृह/ पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालन गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय, आर्थिक मामिला तथा योजना सम्बन्धि विषय हेर्ने मन्त्रालय, गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल नगरपालिका संघ, | प्रदेशमा स्थापना भएको दीर्घकालीन सुरक्षित आवास गृह/ पुनर्स्थापना केन्द्रहरु संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | कार्ययोजना कार्यान्वयनको अविध भित्र |



मा. सिता बादी
मन्त्री

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | नागरिक समाज, विकासका साझेदार संस्थाहरू | | | |
| | २.२.३ स्थानीय तहमा अस्थायी आवास गृह सञ्चालन गर्ने व्यवस्था मिलाउने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय; भूमी व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय, प्रादेशिक आर्थिक मामिला तथा योजना मन्त्रालय, गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल नगरपालिका संघ | अस्थायी आवास गृह सञ्चालनमा ल्याएका स्थानीय तहको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | कार्ययोजना कार्यान्वयनको अविध भित्र |
| | २.२.४ सञ्चालनमा रहेका सुरक्षित आवास गृहहरूका भौतिक संरचना अपाङ्ग र पीडित मैत्री बनाउन सहजीकरण गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्राय, पूर्वाधार विकास मन्त्रालय; नागरिक समाज; विकासका साझेदार संस्थाहरू | अपांगता मैत्री भौतिक संरचना भएका सुरक्षित आवासगृहको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | कार्ययोजना कार्यान्वयनको अविध भित्र |
| २.३ लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरूका लागि मनोसामाजिक तथा प्रेषण सेवा लगायतका | २.३.१ अस्पताल केन्द्रित एकद्वार संकट व्यवस्थापन केन्द्रहरू ( OCMC) सञ्चालनलाई पहुँचयोग्य, सर्वसुलभ र अपाङ्गता तथा लैङ्गिक तथा यौनिक | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, प्रदेशको महिला सम्बन्धी | संकट व्यवस्थापन केन्द्र तथा सेवाग्राहीको संख्या; एक द्वार संकट | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | कार्ययोजना कार्यान्वयनको अविध भित्र |



मा. सिता बादी
मन्त्री

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| स्वास्थ्य सेवा सुनिश्चित गर्ने । | अल्पसंख्यक मैत्री बनाउने । | | | | विषय क्षेत्र हेर्ने मन्त्रालय, विकासका साझेदार संस्थाहरू | व्यवस्थापन केन्द्रबाट उपचारात्मक र मनोवैज्ञानिक परामर्श सहितको सहयोग पाउने पीडित तथा प्रभावितहरूको संख्या | | |
| | २.३.२ लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूलाई मनोसामाजिक परामर्श सेवा प्रदान गर्न स्थानीय तहले मनोसामाजिक परामर्शकर्ता, सामुदायिक मनोसामाजिक कार्यकर्ताहरूको व्यवस्था गरी तिनको क्षमता अभिवृद्धि गर्ने । | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, भूमी, व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय महिला आयोग, नागरिक समाज, विकासका साझेदार संस्थाहरू | मनोसामाजिक कार्यकर्ताहरूको संख्या; मनोसामाजिक परामर्श सेवा प्राप्त पीडित/प्रभावितहरूको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | कार्ययोजना स्वीकृत भएपछि निरन्तर |
| | २.३.३ मनोसमाजिक परामर्श सम्बन्धी समुदायस्तरमा सचेतनामूलक कार्यक्रम | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | विकासका साझेदार संस्था नागरिक समाज | तालीम लिएका व्यक्तिको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | निरन्तर |



मा. सिता बादी
मन्त्री

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सामाजिक सुरक्षा मन्त्रालय | | | | | | |
| २.४ लैङ्गिक हिंसाका पीडित तथा प्रभावितहरूको क्षमता विकास सहित सामाजिक पुनस्थापना गर्ने । | २.४.१ स्थानीय तहमा लैङ्गिक हिंसाका पीडित तथा प्रभावितहरूको लागि क्षमता अभिवृद्धिको लागि कार्यक्रम सञ्चालन गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् विकासका साझेदार संस्था नागरिक समाज | तालिम लिएका व्यक्तिको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | निरन्तर |
| | २.४.२ लैङ्गिक हिंसाका पीडित तथा प्रभावितहरूको सामाजिक पुनस्थापना गर्ने कार्यमा सहजीकरण गर्ने। | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | पुनर्स्थापना केन्द्र, नेपाल प्रहरी, नागरिक समाज | पुनस्थापना गरिएको संख्या | प्रतिवेदन | निरन्तर |
| २.५ लैङ्गिक हिंसा पीडित तथा प्रभावितको सुरक्षाका लागि निगरानी प्रणाली व्यवस्था गर्ने। | २.५.१ पीडितलाई पून: पीडित हुन नदिन, प्रतिशोधबाट सुरक्षा प्रदान गर्ने सुदायमा प्रहरी साझेदारी कार्यक्रम सञ्चालन गर्ने। | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, नेपाल प्रहरी, स्थानीय तह | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | सरोकारवाला निकाय,नागरिक समाज | कार्यक्रम संख्या | प्रगति प्रतिवेदन | निरन्तर |
| | २.५.२ जोखिमयुक्त समुदाय तथा व्यक्तिको सुरक्षाको | महिला बालबालिका, | लैङ्गिक सम्बन्धी | स्थानीय तह | सरोकारवाला निकाय | कार्यक्रम संख्या | प्रगति प्रतिवेदन | निरन्तर |



मा. सिता बादी
मन्त्री

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | लागि समुदायमा आधारित निगरानी प्रणालीको व्यवस्था गर्ने | लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, नेपाल प्रहरी, स्थानीय तह | विषय हेर्ने मन्त्रालय | | | | | |

मा. सिता बादी
मन्त्री

उद्देश्य ३: लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूको न्यायमा सहज पहुँच सुनिश्चित गर्नु ।

| रणनीति | कार्यक्रमहरू | जिम्मेवार निकाय | | | सहयोगी निकाय | अनुगमन सूचक | सूचनाको स्रोत | समय सीमा |
|---|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | | | | |
| ३.१ लैङ्गिक हिंसा पीडित र प्रभावित व्यक्तिको उजुरी, अनुसन्धान तथा अभियोजन प्रक्रियामा लैङ्गिक संवेदनशीलता सुनिश्चित गर्ने । | ३.१.१ लैङ्गिक हिंसा सम्बन्धी उजुरी व्यवस्थापन कार्यलाई प्रभावकारी एवम् सुदृढ बनाउन लैङ्गिक हिंसा सम्बन्धी उजुरी लिने निकायहरुको प्रभावकारिता अभिवृद्धि गर्न कार्यक्रमहरु सञ्चालन गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय; महान्यायाधिवक्ताको कार्यालय, प्रदेशस्थित मुख्य न्यायाधिवक्ताको कार्यालय, विकासका साझेदार संस्थाहरु,नागरिक समाज | कार्यक्रम तथा सहभागीको संख्या | वार्षिक प्रतिवेदन | निरन्तर |
| | ३.१.२ द्रुत सुनुवाई अदालत (Fast Track Court) को व्यवस्था गरी कार्यान्वयनमा गर्ने । | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, अदालत | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | महिला बालबालिका,लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय; प्रदेशको आन्तरिक मामिला तथा कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय | द्रुत सुनुवाई अदालत संख्या | वार्षिक प्रतिवेदन | कार्ययोजना कार्यान्वयनको अविध भित्र |
| | ३.१.३ लैङ्गिक हिंसा पीडितले आफू पीडित भएको | अदालत,गृह मन्त्रालय, | आन्तरिक मामिला | स्थानीय तह | नेपाल प्रहरी कानून, न्याय तथा | आफ्नो मुद्दामा कारवाही भएको | वार्षिक प्रतिवेदन | कार्ययोजना स्वीकृत भएपछि |



मा. सिता बादी
मन्त्री

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | मुद्दाको अनुसन्धान र कारवाही सम्बन्धी जानकारी पाउने व्यवस्थालाई प्रभावकारी बनाउने । | महान्यायधिवक्ताको कार्यालय | तथा कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय; मुख्या न्यायाधिकक्ताको कार्यालय | | संसदीय मामिला मन्त्रालय, नागरिक समाज | बारे जानकारी पाएको पीडितको संख्या | | ६ महिना भित्र शुरु गरी सो पश्चात निरन्तर |
| | ३.१.४ लैङ्गिक हिंसा सम्बोधनका लागि विधि विज्ञान प्रयोगशालालाई प्रादेशिक तहमा विस्तार गर्ने । | विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय | शिक्षा, विज्ञान तथा प्रविधि सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, गृह मन्त्रालय | विधि विज्ञान प्रयोगशालाको संख्या | वार्षिक प्रतिवेदन | कार्ययोजना कार्यान्वयनको अविध भित्र |
| | ३.१.५ साक्षी संरक्षण र प्रमाण प्रस्तुतीमा सूचना प्रविधि (जस्तो भिडियो संवाद) को प्रयोग विस्तार गर्ने । | अदालत | आन्तरिक मामिला तथा कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, गृह मन्त्रालय | सूचना प्रविधिको प्रयोग भएको केश वा मुद्दाको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | कार्ययोजना कार्यान्वयनको अविध भित्र |
| | ३.१.६ पीडितको आत्मसम्मान र सुरक्षा सुनिश्चित गर्न लैङ्गिक हिंसाको सम्बन्धमा सहज र र गोप्य उजुरीको व्यवस्थाको प्रभावकारी कार्यान्वयनका साथै सुरक्षित | अदालत, गृह मन्त्रालय, नेपाल प्रहरी | प्रदेशको आन्तरिक मामिला तथा कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय; | स्थानीय तह | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, गृह मन्त्रालय, नागरिक समाज | लैङ्गिक हिंसाको सम्बन्धमा उजुरी दिने व्यक्तिको नाम गोप्य राखिएको केश वा मुद्दाको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | कार्ययोजना कार्यान्वयनको अविध भित्र |



मा. सिता बादी
मन्त्री

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बयान कक्षको व्यवस्था गर्ने । | | मुख्य न्यायाधिकत्ताको कार्यालय | | | | |
| | ३.१.७ कानुनी सहायता उपलब्ध गराउने कार्यलाई सहज र प्रभावकारी बनाउन अदालत तथा न्यायिक निकायहरूमा दोभाषे तथा सांकेतिक भाषा सहयोगीहरूको व्यवस्था गर्ने । | अदालत तथा न्यायिक निकायहरू | आन्तरीक मामिला तथा कानून सम्बन्धी बिषय हेर्ने मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय | दोभाषे तथा सांकेतिक भाषा सहयोगीहरूको व्यवस्था भएको अदालत तथा न्यायिक निकायहरूको संख्या | अदालत तथा न्यायिक निकायहरू मा दोभाषे तथा सांकेतिक भाषा सहयोगी सम्बन्धी दरबन्दी | कार्ययोजना कार्यान्वयनको अविध भित्र |
| ३.२ लैङ्गिक हिंसा पीडित र प्रभावित व्यक्तिको लागि निःशूल्क कानूनी सहायता तथा न्यायमा पहुँच स्थापित गर्ने । | ३.२.१ निःशूल्क कानूनी सहायता सेवालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न जानकारीमूलक कार्यक्रम सञ्चालन गर्ने । | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | आन्तरिक मामिला तथा कानून विषय हेर्ने मन्त्रालय | स्थानीय तह | महान्यायाधिवक्ताको कार्यालय; प्रदेशको आन्तरिक मामिला तथा कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय; नेपाल बार एशोसिएसन; नागरिक समाज | कार्यक्रम तथा सहभागीको संख्या | वार्षिक प्रतिवेदन | निरन्तर |
| | ३.२.२ एकद्वार प्रणालीबाट निःशूल्क कानूनी सहायता प्रदान गर्ने । | कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय | आन्तरिक मामिला तथा कानून विषय हेर्ने | स्थानीय तह | अर्थ मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय; नेपाल बार एसोशिएसन; | निःशूल्क कानूनी सहायता प्राप्त गर्नेको संख्या | वार्षिक प्रतिवेदन | निरन्तर |



मा. सिता बादी
मन्त्री

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | मन्त्रालय | | नागरिक समाज | | | |
| ३.३ लैङ्गिक हिंसा पीडित तथा प्रभावितको पक्षमा भएका आदेश तथा फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउने | ३.३.१ लैङ्गिक हिंसा पीडितलाई तत्काल अन्तरिम राहत तथा क्षतिपूर्ति सहज ढंगले उपलब्ध हुने व्यवस्था गर्ने । | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय; सर्वोच्च अदालत | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | महिला बालबालिका,लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, अर्थ मन्त्रालय, प्रदेशको कानून सम्बन्धी बिषय हेर्ने मन्त्रालय, नेपाल बार एसोशिएसन | अन्तरिम राहत र क्षतिपूर्ति पाएको पीडितको संख्या | वार्षिक प्रतिवेदन | निरन्तर |
| | ३.३.२ लैङ्गिक हिंसा पीडित तथा प्रभावितको पक्षमा भएका फैसला कार्यान्वयनमा सहजीकरण गर्ने। | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | महिला तथा बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय; आन्तरिक मामिला तथा कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय नेपाल बार एशोसियसन, जिल्ला कानूनी सहायता समिति, कानूनी सहायता प्रदान गर्ने गैरसरकारी संस्था | फैसला कार्यान्वयनमा सहजीकरण प्राप्त गर्ने व्यक्तिको संख्या | प्रतिवेदन | कार्ययोजना स्वीकृत भएपछि ६ महिना भित्र सुरु गरी सो पश्चात निरन्तर |

उद्देश्य ४: लैङ्गिक हिंसाको रोकथाम र प्रतिकार्यको लागि अन्तरतह र अन्तरपक्षीय संस्थागत समन्वय, सहकार्य र साझेदारीलाई प्रभावकारी बनाउनु ।



मा. सिता बादी
मन्त्री

| कार्य नीति | कार्यक्रमहरू | जिम्मेवार निकाय | | | सहयोगी निकाय | अनुगमन सूचांक | सूचनाको स्रोत | समय सीमा |
|---|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | | | | |
| ४.१ लैङ्गिक हिंसा अन्त्यका लागि सबै तहका सरकार र सम्बन्धित निकायबीचको समन्वय, सहकार्य र अन्तरसम्बन्धलाई प्रभावकारी बनाउने। | ४.१.१ संघ, प्रदेश र स्थानीय तहमा यस कार्ययोजना बमोजिम गठन हुने कार्यान्वयन तथा अनुगमन समितिहरूको गठन गरी नियमित बैठक गर्ने। | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | अन्य सम्बन्धित मन्त्रालयहरू र सरकारी निकायहरू | अनुगमन तथा मूल्यांकन समितिहरूको संख्या, बैठक संख्या र भएका निर्णयहरू | बार्षिक प्रतिवेदन | कार्ययोजना स्वीकृत भएपछि ६ महिना भित्र सुरु गरी सो पश्चात निरन्तर |
| | ४.१.२ लैङ्गिक हिंसासँग सम्बन्धित संघ, प्रदेश र स्थानीय तहका सरकारले तर्जुमा गरेका नीति, कानूनी व्यवस्थाहरू तथा कार्ययोजनाको सबै निकायबाट प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न नियमित अनुगमन गर्ने । | महिला बालबालिका,लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | राष्ट्रिय योजना आयोग, प्रदेश नीति/ योजना आयोग, राष्ट्रिय महिला आयोग, सबै सरकारी निकायहरू | अनुगमन गरिएका निकायहरू र अनुगमन गरिएको पटक | सम्बन्धित तहको बार्षिक प्रतिवेदन | निरन्तर |
| | ४.१.३ प्रदेश र स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तथा कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने । | महिला बालबालिका,लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | प्रदेशको कानून सम्बन्धी बिषय हेर्ने मन्त्रालय, गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल नगरपालिका संघ | नीति तथा कार्ययोजनाको संख्या | बार्षिक प्रतिवेदन | कार्ययोजना स्वीकृत भएपछि २ वर्ष भित्र |
| | ४.१.४ निश्चित जिम्मेवारी सहित तीनै तहमा रहेका | महिला बालबालिका, | लैङ्गिक सम्बन्धी | स्थानीय तह | सबै सरकारी निकायहरू | सम्पर्क व्यक्ति तोकिएका तीनै | बार्षिक प्रतिवेदन | कार्ययोजना स्वीकृत |



मा. सिता बादी
मन्त्री

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सबै सरकारी कार्यालयले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति (फोकल पर्सन) तोक्ने । | लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | विषय हेर्ने मन्त्रालय | | | तहका सरकारी कार्यलयहरूको विवरण सहितको संख्या | | भएपछि १ वर्ष भित्र |
| ४.२ लैङ्गिक हिंसा निवारणसँग सम्बन्धित निरोधात्मक, उपचारात्मक तथा प्रबर्धनात्मक कार्यको लागि तीन वटै तहका सरकारको आवश्यक स्रोत सहित साझा जिम्मेवारी सुनिश्चितता गर्ने । | ४.२.१ लैङ्गिक हिंसासँग सम्बन्धित सूचकहरूको स्थानीय सरकार सुशासन र जवाफदेहिता प्रणाली (LGPAS) सँग तादाम्यता हुने गरी विकास गर्ने । | महिला, महिला बालबालिका,लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | भूमि व्यवस्था,सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | स्वमूल्याङ्कन पद्दति (LISA)संग तादाम्यता हुने गरी विकास गरिएको सुचक | वार्षिक प्रतिवेदन | कार्ययोजना स्वीकृत भएको १ वर्ष भित्र सूचकहरु विकास गर्ने |
| | ४.२.२ संघ, प्रदेश र स्थानीय तहमा लैङ्गिक हिंसा निवारण र प्रतिकार्यका लागि लैङ्गिक उत्तरदायी बजेट प्रणाली मार्फत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने। | अर्थ मन्त्रालय; महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | प्रदेश आर्थिक मामिला तथा योजना सम्बन्धी विषय हेर्ने मन्त्रालय; प्रदेश नीति/योजना आयोग,गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल नगरपालिका संघ | सरकारको तीनै तहमा लैङ्गिक उत्तरदायी बजेट प्रणाली कार्यान्वयनमा आएको हुने । | वार्षिक प्रतिवेदन | कार्ययोजना स्वीकृत भएपछि ६ महिना भित्र सुरु गरी सो पश्चात निरन्तर |
| | ४.२.३ संघ, प्रदेश र स्थानीय तहका कार्यक्रमहरुको लैङ्गिक परीक्षण तथा अनुगमन गर्ने। | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | सरोकारवाल निकाय | लैङ्गिक परीक्षण गरिएका निकायको संख्या | वार्षिक प्रतिवेदन | निरन्तर |



मा. सिता बादी
मन्त्री

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | मन्त्रालय, भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | | | | | | |
| | ४.२.४ लैङ्गिक हिंसा पीडित तथा प्रभावितलाई सहयोग गर्न लैङ्गिक हिंसा निवारण कोषको स्थापना तथा परिचालन गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय; भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश आर्थिक मामिला तथा योजना सम्बन्धी विषय हेर्ने मन्त्रालय, नागरिक समाज, विकासका साझेदार संस्था, गाउँपालिका राष्ट्रिय महासंघ,नेपाल नगरपालिका संघ | लैङ्गिक हिंसा पीडित तथा प्रभावित संख्या | वार्षिक प्रतिवेदन | निरन्तर |
| ४.३ लैङ्गिक खण्डीकृत तथ्याङ्क प्रणाली र प्रतिवेदन प्रणालीको विकास गर्ने । | ४.३.१ लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूको खण्डीकृत तथ्याङ्क सहितको एकीकृत तथ्याङ्क प्रणाली तयार गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय; | कार्यान्वयनमा आएको लैङ्गिक हिंसा सम्बन्धी एकीकृत तथ्याङ्क प्रणाली | सम्बन्धित निकायको वार्षिक प्रतिवेदन | कार्ययोजना स्वीकृत भएपछि १ वर्ष भित्र सुरु गरी सो पश्चात निरन्तर |



मा. सिता बादी
मन्त्री

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | मन्त्रालय | | | महान्यायाधिवक्ताको कार्यालय, नेपाल प्रहरी | | |
| | ४.३.२ लैङ्गिक हिंसा सम्बन्धी एकीकृत तथ्याङ्क प्रणालीको प्रयोग गरी सम्बन्धित निकायहरूले तथ्याङ्क संकलन र विश्लेषण गरी लैङ्गिक हिंसा विरुद्धको आवश्यक कार्यक्रम तय गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, नेपाल प्रहरी | लैङ्गिक हिंसा सम्बन्धी एकीकृत तथ्याङ्क प्रणालीको प्रयोग गरी सम्बन्धित निकायहरूबाट संकलित र बिश्लेषित तथ्याङ्कको आधारमा तयार गरिएका कार्यक्रमहरूको संख्या | वार्षिक प्रतिवेदन | निरन्तर |
| | ४.३.३ तीनै तहका सरकारको समन्वयमा सिम्स (SIMS) सूचना व्यवस्थापन प्रणालीलाई सुदृढीकरण गर्दै प्रणालीको बारेमा सरोकारवाला निकायका व्यक्तिहरूको क्षमता अभिवृद्धिका लागि तालिम प्रदान गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | प्रदेश सामाजिक विकास सम्बन्धी विषय हेर्ने मन्त्रालय | अभिमूखीकरण पाएका सरोकारवाला व्यक्तिहरूको संख्या | वार्षिक प्रतिवेदन | कार्ययोजना स्वीकृत भएपछि ६ महिना भित्र सुरु गरी सो पश्चात निरन्तर |
| | ४.३.४ संघ, प्रदेश र स्थानीय तहले लैङ्गिक हिंसा | महिला बालबालिका, | लैङ्गिक सम्बन्धी | स्थानीय तह | प्रधानमन्त्री तथा मन्त्रि परिषद्को | लैङ्गिक हिंसा सम्बन्धी | वार्षिक प्रतिवेदन | निरन्तर |



मा. सिता बादी
मन्त्री

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | निवारण सम्बन्धी गरेका बजेट र प्रगति विवरण सहितको प्रतिवेदन गर्ने । | लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | विषय हेर्ने मन्त्रालय | | कार्यालय, भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रदेश योजना आयोग,राष्ट्रिय तथ्याङ्क कार्यालय | एकीकृत प्रतिवेदन प्रणाली | | |

| उद्देश्य ५. लैङ्गिक हिंसा सम्बोधन गर्ने तहगत संयन्त्रहरूको सुदृढीकरण गर्नु । | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५.१ न्यायपालिका, स्थानीय न्यायिक समिति तथा कानून कार्यान्वयनमा संलग्न निकायहरुको संस्थागत क्षमता अभिवृद्धि गर्ने । | ५.१.१ महिला अधिकार र लैङ्गिक मैत्री अनुसन्धान तथा बयान कार्यविधिहरू सम्बन्धी प्रशिक्षण सामग्रीहरू तर्जुमा गर्नुका साथै तालिम/पुनर्ताजगी तालिम कार्यक्रम सञ्चालन गर्ने। | राष्ट्रिय न्यायिक प्रतिष्ठान | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय आन्तरिक मामिला तथा कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | स्थानीय न्यायिक समिति, न्यायपालिका; नेपाल प्रहरी, महान्यायाधिवक्ताको कार्यालय, गृह मन्त्रालय; भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | तालिम र तालिमका सहभागीहरूको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | निरन्तर |
| | ५.१.२ सामुदायिक मेलमिलाप केन्द्रहरू र न्यायिक समितिहरूलाई | कानून, न्याय तथा संसदीय मामिला | महिला तथा बालबालिका सम्बन्धी | स्थानीय तह | राष्ट्रिय न्यायिक प्रतिष्ठान भूमि व्यवस्था, सहकारी, | क्षमता अभिबृध्दि पीडितमैत्री अवधारणको | सम्बन्धित तहको वार्षिक | निरन्तर |



मा. सिता बादी
मन्त्री

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | लैङ्गिक विभेदमा आधारित हिंसाका घटनाहरूमा पीडितमैत्री अवधारणाको आधारमा व्यस्थापन गर्ने। | मन्त्रालय | विषय हेर्ने मन्त्रालय; आन्तरिक मामिला तथा कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय | | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अदालत, महान्यायाधिवक्ताको कार्यालय | आधारमा व्यस्थापन सम्बन्धी संख्या | प्रतिवेदन | |
| | ५.१.३ न्यायिक निकाय, सुरक्षा निकाय तथा कानून कार्यान्वयन गर्ने निकायका अधिकारीहरूलाई प्रदान गरिने नियमित तालिमको पाठ्यक्रममा लैङ्गिक समानता, लैङ्गिक हिंसा र परम्परागत अभ्यासहरू सम्बन्धित विषय समावेश गरी तालिम प्रदान गर्ने। | राष्ट्रिय न्यायिक प्रतिष्ठान, गृह मन्त्रालय, रक्षा मन्त्रालय, | आन्तरिक मामिला तथा कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | महिला बालबालिका,लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सम्बन्धित सुरक्षा निकाय सम्बन्धित संवैधानिक आयोग | तालिम प्राप्त गर्नेको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | निरन्तर |
| | ५.१.३ स्थानीय तहमा न्यायिक समितिको क्षेत्राधिकार र यसको प्रयोग सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | महान्यायाधिवक्ता, मुख्य न्यायाधिवक्ताको कार्यालय, नागरिक समाज, विकासका साझेदार संस्था, गाउँपालिका राष्ट्रिय महासंघ; नेपाल | क्षमता अभिवृद्धि गर्न सञ्चालन गरिएको कार्यक्रमको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | निरन्तर |



मा. सिता बादी
मन्त्री

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | नगरपालिका संघ | | | |
| ५.२ लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूको उद्धार, संरक्षण र पुनर्स्थापना गर्न संघ, प्रदेश र स्थानीय तहका सरकारबीच साझेदारी गर्ने संयन्त्र र संरचनाहरूको दक्षता अभिवृद्धि गर्ने। | ५.२.१ लैङ्गिक समानताको प्रवर्धन गर्न र लैङ्गिक हिंसाको न्यूनीकरणको विषयमा स्थानीय तहको क्षमता अभिवृद्धि सम्बन्धी सामग्रीहरू तयार गरी सम्प्रेषण गर्ने र स्थानीय तहको क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गर्ने । | महिला बालबालिका,लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय निकाय | भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल नगरपालिका संघ, नागरिक समाज, विकासका साझेदार संस्थाहरू | तयार गरिएको सामग्रीहरूको संख्या र कार्यक्रमहको संख्या | वार्षिक प्रतिवेदन | निरन्तर |
| | ५.२.२ प्रदेशस्तरमा सञ्चालनमा रहेका दीर्घकालीन पुनर्स्थापना केन्द्रहरू सुदृढीकरण गर्दै सामाजिक पुनःएकीकरण सहितका सेवालाई विस्तार गर्ने । | महिला बालबालिका,लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय, पूर्वाधार विकास मन्त्रालय, नागरिक समाज, विकासका साझेदार संस्थाहरू | दीर्घकालीन पुनःस्थापना केन्द्रहरूको संख्या | वार्षिक प्रतिवेदन | निरन्तर |
| | ५.२.३ संघ,प्रदेश र स्थानीय तहमा लैङ्गिक विभेदमा आधारित हिंसाको मुद्धा व्यवस्थापन, हिंसा प्रभावितहरूको आधारभूत आवश्यकताहरु पूरा गर्न प्रेषण प्रणालीको क्षमता अभिवृद्धि गर्ने । | महिला बालबालिका,लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेशको कानून सम्बन्धी | कार्यक्रम संख्या | वार्षिक प्रतिवेदन | निरन्तर |



मा. सिता बादी
मन्त्री

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | विषय हेर्ने मन्त्रालय;गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल नगरपालिका संघ | | | |
| ५.३ लैङ्गिक हिंसा, विभेद र परम्परागत हानिकारक अभ्यासहरूलाई प्रभावकारी रुपले सम्बोधन गर्न राज्यका सम्बन्धित निकायमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्ने । | ५.३.१ हिंसाबाट पीडित र प्रभावित केन्द्रित सेवा प्रवाह गर्न प्रदेश र स्थानीय तहमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्ने । | महिला बालबालिका,लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; अर्थ मन्त्रालय | कार्यक्रम संख्या | वार्षिक प्रतिवेदन | निरन्तर |
| | ५.३.२ लैङ्गिक हिंसा, विभेद र हानिकारक अभ्यासहरूको रोकथाम र प्रतिकार्यका बारेमा राष्ट्रिय तथा अन्तराष्ट्रिय मान्यता, मापदण्ड तथा असल अभ्यासहरूका सम्बन्धमा तीनै तहका सरकारको क्षमता अभिवृद्धि गर्ने । | महिला बालबालिका,लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | आन्तरिक मामिला तथा कानून विषय हेर्ने मन्त्रालय | स्थानीय तह | भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय;कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय; प्रदेशको सम्बन्धी विषय हेर्ने मन्त्रालय; गाउँपालिका राष्ट्रिय महासंघ;नेपाल नगरपालिका संघ; नागरिक समाज; विकासका साझेदार संस्थाहरू | कार्यक्रम संख्या | वार्षिक प्रतिवेदन | निरन्तर |
| ५.४ सम्मानजनक | ५.४.१ सेवाग्राही | स्वास्थ्य तथा | स्वास्थ्य | स्थानीय | महिला | कार्यक्रम संख्या | वार्षिक | निरन्तर |



मा. सिता बादी
मन्त्री

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सुरक्षित मातृत्व तथा प्रजनन सेवा उपलब्ध गराउन स्वास्थ्य सेवा प्रदायकको क्षमतामा थप सुधार गर्ने। | महिलालाई दुर्व्यवहार र विभेदरहीत सम्मानजक प्रसूति सेवा प्रदान गर्न प्रसूति सेवा सम्बन्धी तालिम ,सचेतनामूलक र अभिमूखीकरण कार्यक्रम सञ्चालन गर्ने । | खाद्य स्वच्छता मन्त्रालय | सम्बन्धी विषय हेर्ने मन्त्रालय | तह | बालबालिका,लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, स्वास्थ्य संस्था, नागरिक समाज, विकासका साझेदार संस्था | | प्रतिवेदन | |
| | ५.४.२ दक्ष प्रसूतिकर्मी (मिडवाइफ) तयार गर्नुका साथै गर्भवती तथा सुत्केरी महिला तथा बालबालिकाहरुमा हुनसक्ने रक्तअल्पता कुपोषण लगायतका अन्य सम्भाव्य स्वास्थ्य समस्या तथा जोखिमको व्यवस्थापनका लागि विशिष्टिकृत सीप विकास हुने गरी मिडवाइफी शिक्षालाई प्राथमिकताका साथ बिस्तार गर्ने। | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | स्वास्थ्य तथा शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालयहरु | स्थानीय तह | शिक्षा तथा खेलकूद मन्त्रालय; प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्, चिकित्सा शिक्षा आयोग; विकासका साझेदार संस्था | मिडवाइफी शिक्षा (प्रमाणपत्र तथा स्नातक तह) अध्यापन गराउने शैक्षिक संस्थाहरुको संख्या; उत्पादित मिडवाइफ जनशक्तिको सङ्ख्या, मिडवाइफहरुले गर्भ जाँच र सुत्केरी गराएको सङ्ख्या | वार्षिक प्रतिवेदन | निरन्तर |
| | ५.४.३ सेवाग्राही महिलालाई दुर्व्यवहार र विभेदरहीत सम्मानजक प्रसूति सेवा प्रदान गर्ने । | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | स्वास्थ्य संस्था; नागरिक समाज; विकासका साझेदार संस्था | प्रसूति सेवा प्राप्त गरेका महिलाको संख्या | वार्षिक प्रतिवेदन | निरन्तर |



मा. सिता बादी
मन्त्री

| कार्य नीति | कार्यक्रमहरू | जिम्मेवार निकाय: संघ | जिम्मेवार निकाय: प्रदेश | जिम्मेवार निकाय: स्थानीय | सहयोगी निकाय | अनुगमन सूचांक | सूचनाको स्रोत | समय सीमा |
|---|---|---|---|---|---|---|---|---|
| | ५.५.४ यौन तथा प्रजनन् स्वास्थ्य अधिकार तथा सुरक्षित गर्भपतन सेवा सम्बन्धी कानूनी व्यवस्थाकोबारेमा महिला, किशोर किशोरी तथा स्वास्थ्यकर्मी लक्षित सचेतना कार्यक्रम सञ्चालन गर्ने । | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | स्वास्थ्य संस्था, सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउने संस्था; नागरिक समाज; विकासका साझेदार संस्थाहरू | कार्यक्रम संख्या | वार्षिक प्रतिवेदन | निरन्तर |

उद्देश्य ६: विपद्, महामारी तथा द्वन्द्वजस्ता विषम् परिस्थितिमा लैङ्गिक हिंसा नियन्त्रणका लागि प्रतिकार्य प्रणाली सुनिश्चित गर्नु ।

| कार्य नीति | कार्यक्रमहरू | जिम्मेवार निकाय | | | सहयोगी निकाय | अनुगमन सूचांक | सूचनाको स्रोत | समय सीमा |
|---|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | | | | |
| ६.१ विपद् तथा महामारीको समयमा लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूका लागि पर्याप्त सुरक्षा र आधारभूत सेवाहरू सुनिश्चित गर्ने। | ६.१.२ विपद्को समयमा हुने मानव बेचबिखनको जोखिम र लैङ्गिक हिंसालाई न्यूनीकरण गर्न समुदायस्तरमा सचेतना कार्यक्रम गर्ने र अस्थायी सूचना केन्द्रहरूको स्थापना गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय, गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल नगरपालिका संघ, गैरसरकारी संस्थाहरू, विकासका साझेदार संस्थाहरू | सचेतना कार्यक्रम र अस्थायी सूचना केन्द्रहरूको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | विपद् प्रतिकार्यको समयमा |



मा. सिता बादी
मन्त्री

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ६.१.२ संघ, प्रदेश, जिल्ला र स्थानीय तहले विपद्/महामारी पश्चात् सृजना हुने मानसिक असर कम गर्न मनोसामाजिक परामर्शको कार्यक्रम सञ्चालन गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | गृह मन्त्रालय, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय; प्रादेशिक स्वास्थ्य विषय हेर्ने मन्त्रालय; गैरसरकारी संस्थाहरू; विकासका साझेदार संस्थाहरू | संचालन भएको कार्यक्रम र सहभागीको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | निरन्तर |
| | ६.१.३ विपद्को अवस्थामा लैङ्गिक हिंसा रोकथाम र व्यवस्थापनका लागि महिलामैत्री स्थल स्थापना गरी एकीकृत सेवाहरू प्रदान गर्न । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण; गैरसरकारी संस्थाहरू; विकासका साझेदार संस्थाहरू | विपद्को अवस्थामा लैङ्गिक हिंसा रोकथाम र व्यवस्थापनका लागि स्थापना गरिएका महिला मैत्री स्थलहरूको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | विपद् प्रतिकार्यको समयमा |
| | ६.१.४ जलवायु परिवर्तन को कारणले हुने बिपद् र सो बाट सृजित लैङ्गिक हिसाको सम्बोधनका लागि आवश्यक पर्ने प्रतिकार्य सम्बन्धी सचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने। | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | आन्तरिक मामिला तथा कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | कृषि, वन तथा पर्यावरण मन्त्रालय; प्रदेशको महिला तथा बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय; प्रदेशको वन तथा वातावरण सम्बन्धी विषय हेर्ने मन्त्रलय; राष्ट्रिय | कार्यान्वयनमा आएको कार्यक्रम र सहभागीहरूको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | निरन्तर |



मा. सिता बादी
मन्त्री

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण; गैरसरकारी संस्थाहरू; विकासका साझेदार संस्थाहरू | | | |
| | ६.१.५ विपद् ,महामारी तथा सशस्त्र द्वन्द्वका यौन हिंसा पीडित भएका महिला तथा बालिकाहरूलाई तत्काल राहत र परिपूरणको व्यवस्था गर्ने । | गृह मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | आन्तरिक मामिला तथा कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | महिला बालबालिका,लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, नागरिक समाज | विपद् ,महामारी तथा सशस्त्र द्वन्द्वमा राहत तथा परिपूरण पाएका यौन हिंसा पीडितको संख्या | सत्य निरुपण तथा मेलमिलाप आयोगको प्रतिवेदन | प्रतिकार्यको समय त्यस पश्चात |
| ६.२ विपद्, महामारी तथा जलवायु परिवर्तन लगायतको कारणले सृजना हुन सक्ने लैङ्गिक हिंसाको सम्बोधनका लागि | ६.२.१ संघ, प्रदेश र स्थानीय तहले संरक्षण विषयगत क्षेत्र अन्तर्गत लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणसँग सम्बन्धित विषय क्षेत्रमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गर्ने । | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण;गैरसरकारी संस्थाहरू; विकासका साझेदार संस्थाहरू | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | निरन्तर |

मा. सिता बादी
मन्त्री

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सरकारका तीन वटै तहमा योजनाबद्ध प्रतिकार्य प्रणाली स्थापित गर्ने । | ६.२.२ विपद् प्रभावित क्षेत्रमा महिलाहरुको स्वास्थ्य, सुरक्षा तथा मनोसामाजिक अवस्थालाई ध्यानमा राखी मनोसामाजिक परामर्श सेवा तथा स्वास्थ्य सहायता कार्यक्रमहरु समेत सुनिश्चित हुने गरी विपद्/महामारीको अवस्थामा हुने लैङ्गिक हिंसा सम्बोधन गर्ने। | महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, गैरसरकारी संस्थाहरू, विकासका साझेदार संस्थाहरू | सेवाग्राहीको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | निरन्तर |
| | ६.२.३ विपद्/महामारीको अवस्थामा हुने लैङ्गिक हिंसा समेतलाई सम्बोधन गर्ने गरी लैङ्गिक हिंसा निवारणका लागि प्रतिकार्य प्रणालीलाई समन्वयात्मक रुपमा परिचालन गर्ने । | महिला बालबालिका,लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | लैङ्गिक सम्बन्धी विषय हेर्ने मन्त्रालय | स्थानीय तह | गृह मन्त्रालय; भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; राष्ट्रिय बाल अधिकार परिषद्; राष्ट्रिय महिला आयोग | समन्वयात्मक बैठकको संख्या | समन्वयात्क बैठकका निर्णय | निरन्तर |

मा. सिता बादी
मन्त्री

## परिच्छेद– ४

## कार्ययोजनाको कार्यान्वयन तथा अनुगमन

### १. कार्ययोजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

लैङ्गिक हिंसा अन्त्यका लागि महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयले संघीय तहमा नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ। तीन तहका सरकार, विकास साझेदार, गैर सरकारी संस्था, निजी क्षेत्र, विभिन्न समूह, क्लब, संगठन, नागरिक समाज तथा सरोकारवालासँगको समन्वयमा कार्ययोजनाको कार्यान्वयन गरिनेछ। कार्ययोजना कार्यान्वयनको लागि संघ, प्रदेश र स्थानीय तहमा देहाय बमोजिमका समितिहरू रहनेछन् ।

#### १.१ कार्ययोजना कार्यान्वयन निर्देशन समितिः

कार्ययोजना कार्यान्वयनको निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति रहनेछः

(क) सचिव, महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय -संयोजक

(ख) सहसचिव, भुमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(ग) सहसचिव, गृह मन्त्रालय -सदस्य

(घ) सहसचिव, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय -सदस्य

(ङ) सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य

(च) सहसचिव, अर्थ मन्त्रालय -सदस्य

(छ) सह-न्यायाधिवक्ता, महान्यायधिवक्ताको कार्यालय -सदस्य

(ज) सचिव, राष्ट्रिय महिला आयोग -सदस्य

(झ) प्रहरी नायव महानिरीक्षक, महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालय, नेपाल प्रहरी -सदस्य

(ञ) अध्यक्ष, गाँउपालिका राष्ट्रिय महासंघ -सदस्य

(ट) अध्यक्ष, नगरपालिका संघ -सदस्य

(ठ) सहसचिव, महिला सशक्तीकरण महाशाखा, महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय -सदस्य सचिव

मा. सिता बादी
मन्त्री

- समितिले बैठकमा आवश्यकता अनुसार प्रदेश सरकार र स्थानीय तह, विषय विज्ञ, विकास साझेदार संस्था, निजी तथा गैरसरकारी संघसंस्थाका प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ।
- समितिको बैठक कम्तीमा वर्षको दुई पटक वस्नेछ ।
- कार्ययोजना कार्यान्वयन निर्देशन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) कार्ययोजनाको उद्देश्य तथा रणनीति बमोजिमका कार्यक्रमहरू मन्त्रालय/ निकायका नीति, योजना तथा वार्षिक कार्यक्रममा आवद्ध गरी कार्यान्वयन सुनिश्चित गर्नको लागि आवश्यक समन्वय गर्ने,

(ख) लैङ्गिक हिंसा विरूद्ध स्थानीयस्तरसम्म सूचना सम्प्रेषण गर्न निरन्तर सचेतना सामग्री उत्पादन तथा प्रसारणको लागि समन्वय र सहजीकरण गर्ने,

(ग) समग्र कार्ययोजना कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न सहजीकरण गर्ने,

(घ) प्रदेश तथा स्थानीय तहबाट कार्ययोजना कार्यान्वयनको लागि भए गरेका कार्यहरूको विवरण प्राप्त गरी विश्लेषण गर्ने र आवश्यकता अनुसार प्रदेश र स्थानीय तहमा गठित समितिहरूलाई दिशानिर्देश गर्ने,

(ङ) समाजमा रहेका हानिकारक अभ्यासहरूको अन्त्यका लागि सञ्चालित कार्यक्रमको नियमित रूपमा अनुगमन गर्ने,

(च) यस रणनीतिक कार्ययोजनाको कार्यान्वयनको आवधिक मूल्याङ्कन गराउने,

(छ) आवश्यकता अनुसार बैठक आयोजना गर्ने ।

### १.२ प्रदेश स्तरीय कार्ययोजना कार्यान्वयन तथा अनुगमन समितिः

प्रदेशस्तरमा कार्ययोजना कार्यान्वयनको लागि लैङ्गिक विषय हेर्ने मन्त्रालयका सचिवको संयोजकत्वमा आवश्यकता अनुसार विषय विज्ञहरू सदस्य तथा लैङ्गिक विषय सम्बन्धी क्षेत्र हेर्ने महाशाखाका प्रमुख सदस्य-सचिव रहने गरी कार्ययोजना कार्यान्वयन तथा अनुगमन गर्न प्रदेशस्तरको समिति रहनेछ। उक्त समितिले काम, कर्तव्य र अधिकार प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

### १.३ स्थानीय तहको कार्ययोजना कार्यान्वयन तथा अनुगमन समितिः

स्थानीय तहमा उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा आवश्यकता अनुसार विषय विज्ञहरू सदस्य तथा लैङ्गिक विषय सम्बन्धी क्षेत्र हेर्ने शाखाका प्रमुख सदस्य-सचिव रहने गरी कार्ययोजना कार्यान्वयन तथा अनुगमन समिति रहनेछ। उक्त समितिको काम, कर्तव्य र अधिकार स्थानीय तहले तोके बमोजिम हुनेछ ।

मा. सिता बादी
मन्त्री